**ह्याम्पशायरका बालबालिकाका लागि शुरुवाती वर्ष (अर्ली यिअर्स एजुकेशन) को शिक्षा**

स्कुल जानुअघि बालबालिकाले नर्सरी, प्रि-स्कुल वा चाइल्डमान्डरमा गएर शुरुवाती वर्षका शिक्षा प्राप्त गर्छन् । यसले बालबालिकालाई मित्रताको विकास गर्न र स्कुलको जीवनका लागि तयार हुन मद्दत गर्नेछ ।

**शुरुवाती वर्षको शिक्षा**

ह्याम्पशायरको हरेक प्रि-स्कुल (स्कुल जानुअघिको) बच्चा (३ वा ४ वर्षको) ले आफ्नो तेस्रो जन्मदिवसपछिको सत्रमा ५७० घण्टासम्मको निशुल्क शुरुवाती वर्षको शिक्षा पाउने अधिकार राख्दछ । यो एक दिनमा १० घण्टासम्म वा दुई दिन वा बढीमा १५ घण्टासम्मको हुन सक्छ, जुन अनुमतिप्राप्त नर्सरी, प्रि-स्कुल वा चाइल्डमान्डरद्वारा प्रदान गरिन्छ । यी घण्टाहरु स्कुलको सत्रका समयमा वा वर्षभरिनै छुट्टीको अवधिलाई समेत मिलाएर "तन्काएर" लिन सकिन्छ । तपाईंको बच्चाले पाउने ५७० घण्टा वर्षभरिमा नबढ्ने गरी यो शिक्षा दुई प्रदायकमार्फत पनि दिन सकिन्छ ।

मास्कुलहरु जस्तै केही परिवारहरु **अर्ली यीअर्स पुपिल प्रिमियम** का लागि योग्य हुन सक्छन् जो बच्चाहरुलाई प्रदान गरिने शुरुवाती वर्षका सर्वोत्कृष्ट शिक्षाको गुणस्तरमा सुधार ल्याउन र सहायता प्रदान गर्नका लागि नर्सरी, प्रिस्कुल र चाइल्डमाइन्डरलाई दिने गरिन्छ ।

अर्ली यिअर्स एजुकेशन र अर्ली यिअर्स पुपिल प्रिमियम दुवैका लागि आर्थिक श्रोतका लागि आवेदन दिन आमाबुवा वा अविभावकले उनीहरुका बच्चा गइरहेका वा जाने नर्सरी, प्रि-स्कुल वा चाइल्डमाइन्डरमा सम्पर्क गर्नुपर्छ ।

तपाईंको बच्चाको उमेरको प्रमाणपत्रका साथसाथै आवेदन फारम पूरा भर्नु आवश्यक हुन्छ ।

**दुई वर्ष उमेरका**

दुई वर्ष उमेर पुगेका बच्चाहरुले उनीहरुको दोस्रो जन्मदिवसपछिको सत्रदेखि ५७० घण्टाको निशुल्क शुरुवाती वर्षको शिक्षा प्राप्त गर्न सक्छन् ।
तपाईंको बच्चा योग्य हुनका लागि तपाईंको परिवारले पारिवारिक आय र तपाईंले प्राप्त गर्नुहुने कुनै कल्याणकारी भुक्तानीमा आधारित मापदण्ड पूरा गर्नुपर्छ, वा तपाईंको बच्चा स्थानीय निकायको संरक्षण/धर्मपुत्रका रुपमा हुनुपर्छ वा विशेष शैक्षिक आवश्यकता वा अपांगता हुनुपर्छ ।

मापदण्डबारे जान्न र अनलाईन आवेदन दिन: **http://www.hants.gov.uk/eye/2-year-old-offer-2.**

**थप जानकारी**

पहिलो चरणमा आफ्नो स्वास्थ्य भ्रमणकर्ता, नर्सरी, प्रि-स्कुल वा चाइल्डमाइन्डरसँग कुरा गर्नुहोस् । द फ्यामिली इन्फरमेशन सर्भिस (पारिवारिक सूचना सेवा) ले पनि उनीहरुको हेल्पलाइन ०३०० ५५५ १३८४ मार्फत जानकारी दिन सक्छन्, वा वेबसाइटमा जानुहोस्: **http://www.hants.gov.uk/eye.**

Word count: 335